# सहकारी संघ/संस्था दर्ता निर्देशिका, २०६९

## परिच्छेद - १

## परिचय

१ परिचय :

आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नत्तिका लागि गठन हुने व्यावसायिक संगठन नै सहकारी संस्था/संघहरु हुन् । यस्ता संस्था/संघहरुको कार्यप्रणाली स्वभाविक रुपमा सदस्यमुखी हुनु अनिवार्य छ । सदस्यमुखी कार्यप्रणालीवाट सदस्यको व्यवसायिक क्षमताको सवलीकरण र उद्यमशीलताको विकास हुने हुंदा सहकारी संस्था/संघ दर्ता गर्दा कै अवस्थामा यस पक्षमा विशेष सजगता अपनाउनु पर्ने हुन्छ, तसर्थ सहकारी सिद्धान्त, विद्यमान सहकारी ऐन, नियम अनुरुप सहकारीको संवेदनशीलतालाई विचार गरिनु पर्ने हुन्छ । सहकारी संघ/संस्था संचालन प्रक्रिया, कारोवारको विषय तथा अन्य पक्षमा आएको वृद्धिसँगै संघ/संस्था दर्ता प्रक्रियालाई सरल एवं व्यवहारिक वनाउनुका साथै दर्ता प्रकृयामा एकरुपता कायम गर्ने उद्देश्यले सहकारी संस्था/संघ दर्ता निर्देशिका तयार गर्न जरुरी भएको छ ।

सहकारी व्यवसायमा संलग्न हुने व्यक्तिहरुमा सहकारीता र सहकारी संचालनका प्रक्रियासम्वन्धी जानकारी राख्नु आवश्यक रहेको परिप्रेक्ष्यमा सहकारी विभागवाट यस अघि पनि दर्ता निर्देशिका लगायत संघ/संस्थाहरुको विभिन्न किसिमका नमूना विनियमहरु तथा अन्य जानकारी मूलक सामाग्रीहरु तयार गरी सर्वसाधारण, सम्वद्ध निकाय तथा विभाग मातहतका कार्यालयहरुलाई निःशुल्क रुपमा वितरण गर्दै आएको स्पष्टै छ । यस्तो निर्देशिकाले सहकारी संस्था वा संघ दर्ता गर्न चाहनेका लागि मात्र लाभ नपुगी सहकारी कार्यालयहरुलाई समेत संघ संस्था दर्ता सम्वन्धमा स्पष्टता र एकरुपता प्रदान गरेको पृष्ठपोषण प्राप्त हुंदै आएको छ । वि.सं. २०६२ सालमा सहकारी विभागवाट संघ/संस्था दर्ता निर्देशिका तयार गरिएकोमा यसै वीचमा सहकारी संघ/संस्था दर्ता सम्वन्धमा सहकारी विभागबाट "सहकारी संघ संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८" २०६८ बैशाख १ गतेबाट जारी भएको र विभिन्न नीतिगत निर्णयहरु सहकारी विभागवाट भएका छन् । यस्ता नीतिगत निर्णयहरु समेतलाई निर्देशिकामा समावेश गर्न अनिवार्य भएको तथा कतिपय असान्दर्भिक कुराहरु समेत हटाइ नयाँ निर्देशिका तयार गर्नु पर्ने भए अनुरुप यो निर्देशिका तयार गरिएको छ ।

२. उद्देश्यः यस निर्देशिकाको उद्देश्यहरु निम्नानुसार रहेका छन :-

-1_ सहकारी संघ/संस्थाको दर्ता प्रक्रियालाई सरल बनाउने,

-2_ सहकारी संघ/संस्थाको दर्ता प्रकृयामा एकरुपता ल्याउने ।

-3_ सहकारी संघ/संस्थाको दर्ता सम्वन्धमा आवश्यक निश्चित प्रक्रियाहरुको वारेमा सम्वद्ध पक्षलाई जानकारी गराउने,

-4_ सहकारी संघ/संस्था दर्ताका सम्बन्धमा भएका कानूनी तथा नीतिगत व्यवस्थाको वारेमा प्रसार/प्रचार गर्ने ।

३. अपेक्षित उपलव्धी :

यो निर्देशिकाको तयारी पछि निम्न लिखित अपेक्षित उपलव्धिहरु हासिल हुनेछन :-

(१) निर्देशिकाले सहकारी संघ/संस्था दर्ता कार्यमा दर्ता गर्ने अधिकारी लगायत सम्वद्ध कर्मचारीहरुलाई उचित मार्ग निर्देश हुने,

(२) सहकारी संघ/संस्था दर्ता गर्न चाहनेका लागि महत्वपूर्ण जानकारी हासिल हुने,

(३) निर्देशिकाले सहकारी सिद्धान्त, सहकारी मूल्य मान्यता, विद्यमान ऐन नियम र विभागीय परिपत्रहरुमा गरिएका प्रावधानहरुलाई एकिकृत रुपमा जानकारी हुने,

(४) निर्देशिका सवै प्रकृतिका सहकारी संस्था वा संघको दर्ता कार्यमा प्रयोग हुनुका साथै सहकारी संघ/संस्थाको संचालन र नियमनमा समेत सघाउ पुग्ने,

(५) निर्देशिका प्रत्येक सहकारी कार्यालयका आन्तरिक कार्य संचालनको लागि महत्वपूर्ण हुने र संहकारी संघ संस्था दर्ता गर्दा यसको अनिवार्य रुपमा पालना गर्ने ।

# परिच्छेद - २
# सहकारी संस्था दर्ता सम्वन्धी व्यवस्था

## ४. सहकारी संस्था वा संघ गठन सम्बन्धी कानूनी व्यवस्था:

सहकारी संस्था वा संघको गठन सम्वन्धमा सहकारी ऐन, २०४८ को दफा ३ मा निम्नानुसारको व्यवस्था गरिएको छ :-

(१) सहकारी सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले देहाय वमोजिमको संस्था वा संघ गठन गर्न सकिनेछ :-

(क) कम्तिमा २५ जना व्यक्तिहरु सदस्य भएको प्रारम्भिक संस्था

(ख) खण्ड (क) वमोजिमको कम्तिमा पाँचवटा संस्थाहरु सदस्य भएको विषयगत संघ

(ग) खण्ड (क) वमोजिमका संस्थाहरु वा खण्ड (ख) वमोजिमका विषयगत संघहरु वा दुवै गरी कम्तिमा ५ वटा संस्थाहरु वा संघहरु सदस्य भएको जिल्ला सहकारी संघ,

(घ) खण्ड (क) वमोजिमका कम्तिमा २५ वटा विषयगत संस्थाहरु वा खण्ड (ख) वमोजिमका कम्तिमा ५ वटा विषयगत संघहरु सदस्य भएको केन्द्रीय सहकारी संघ ।

(ङ) खण्ड (ख), (ग) र (घ) वमोजिमका कम्तिमा १५ वटा संघहरु सदस्य भएको राष्ट्रिय सहकारी संघ ।

(२) एउटै जिल्लामा एक भन्दा वढी वा एकै प्रकृतिका विषयगत संघ, जिल्ला सहकारी संघ तथा एकै प्रकृतिका एक भन्दा वढी केन्द्रीय सहकरी संघ गठन गर्न सकिने देखिदैंन । सहकारी ऐनमा प्रयोग भएको उपरोक्त वाक्यांशले प्रारम्भिक संस्थाहरु जतिसुकै संख्यामा गठन गर्न सकिने तर एउटा जिल्लामा एकै प्रकृतिको विषयगत संघ, जिल्ला सहकारी संघ एउटा मात्र र नेपालभरमा केन्द्रीय सहकारी संघ एक भन्दा वढी गठन गर्न रोक लगाएको छ । नेपालमा राष्ट्रिय सहकारी संघ एक भन्दा वढी गठन हुन सक्ने हो कि भन्ने भ्रम उक्त वाक्यांशवाट देखिए पनि “राष्ट्रिय” भन्ने शव्दको प्रयोगले सहकारी अभियानको नेतृत्वदायी निकायको रुपमा रहेको राष्ट्रिय सहकारी संघ पनि एक भन्दा वढी गठन हुन सक्ने देखिदैन ।

## ५. प्रारम्भिक सहकारी संस्था दर्ता प्रक्रिया:

सहकारी ऐन, २०४८ वमोजिम दर्ता गरी सहकार्यको माध्यमबाट आफ्ना क्रियाकलाप सहकारी व्यवसाय मार्फत संचालन गर्न इच्छुक कम्तिमा २५ जना नेपाली नागरिकहरु मिली प्रारम्भिक सहकारी संस्था गठन गर्न सकिन्छ :-

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु
(ख) संस्थाको कार्यक्षेत्र भित्र वसोवास गरेका व्यक्तिहरु,
(ग) संस्थाको कम्तीमा १ (एक) थान शेयर खरिद गरी संस्थाको सेवा प्राप्त गर्न चाहने र जिम्मेवारी वहन गर्न स्वीकार गर्ने व्यक्तिहरु,
(घ) विनियममा उल्लेखित शर्तहरु पूरा गर्न मञ्जूर गर्ने व्यक्तिहरु उपरोक्तमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले सहकारी संस्था गठन गर्न चाहेमा प्रथमतः निम्न वमोजिमको कार्य क्रमानुसार पूरा गर्नु पर्दछ :-

(१) प्रथम प्रारम्भिक भेला :

प्रस्तावित संस्था गठन गर्न इच्छुक कम्तीमा २५ जना व्यक्तिहरुको प्रथम प्रारम्भिक भेला वोलाउनु पर्नेछ । उक्त भेलामा प्रस्तावित संस्था गठन गर्न इच्छुक सवै व्यक्तिहरु अनिवार्य रुपमा उपस्थित हुनुपर्दछ । उक्त भेलामा उपस्थित व्यक्तिहरु मध्येवाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा वैठक वसी निम्न विषयहरुमा प्रस्ताव राखी निर्णय गर्नुपर्दछ ।

(क) संस्था खोल्ने विषयमा,
(ख) प्रस्तावित संस्थाको नाम, ठेगाना सम्वन्धमा (संस्थाको नाम के राख्ने, कुन स्थानमा संस्थाको कार्यालय राख्ने भन्ने र साथै संस्थाको नाम प्रस्ताव गर्दा अन्य संस्थाको नाम संग मिल्नेगरि नराख्ने तर्फ सचेत रहने र संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम सम्बन्धित सहकारी कार्यालयको स्वीकृति लिनु पर्नेछ । प्रस्तावित नाममा ३ दिन भित्र सम्बन्धित कार्यालयले मिल्ने नमिल्ने जानकारी दिनु पर्नेछ । स्वीकृति लिएको १० दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि सम्बन्धित कार्यालयमा निवेदन पेश गरी सक्नुपर्नेछ । तोकिए बमोजिमको समय नाघेपछि सो नाम अरुले प्रयोग गर्न सक्ने भएकोले त्यस तर्फ सचेत रहने)
(ग) संस्थाको उद्देश्य र कार्यहरुको निर्धारण सम्वन्धमा (संस्थाको उद्देश्य र कार्य निर्धारण गर्दा सके सम्म एकल उद्देश्यका कार्य र सो कार्यसंग सम्वद्ध अन्य कार्यहरुको निर्धारण गर्नुपर्दछ ।)
(घ) प्रस्तावित संस्थाको कार्यक्षेत्र तय गर्ने सम्वन्धमा (सहकारी विभागले जारी गरेको मापदण्डको प्रतिकूल नहुने गरि संस्थाको कार्यक्षेत्र गाउँ विकास समितिमा राख्ने भएमा वढीमा जोडिएका ५ वटा गा.वि.स.हरु सम्म, महानगरपालिका र उपमहानगरपालिकामा भए वढीमा जोडिएका ५ वटा वडा सम्म र नगरपालिकामा भए वढीमा एक नगरपालिका सम्म संस्थाको कार्यक्षेत्र तय गर्ने)
(ङ) प्रस्तावित संस्थाको प्रतिशेयर रकम र सदस्य प्रवेश शुल्क निर्धारण सम्वन्धमा,

(च) संस्थाको तदर्थ संचालक समितिको गठन सम्वन्धमा ( सबै कार्य क्षेत्र लाइ समेटने गरी कम्तिमा ७ जनाको तदर्थ समिति गठन गर्ने)

(छ) प्रस्तावित संस्थाको विनियम तयारीको. जिम्मा दिने सम्वन्धमा (उपस्थित व्यक्तिहरु मध्ये कसैलाई विनियम निर्माण गर्न तोक्ने जस्तैः तदर्थ संचालक समितिलाई जिम्मा दिने वा विनियम मस्यौदा समिति गठन गर्ने वा कुनै विशेषज्ञको सेवा लिने निर्णय गर्ने)

(ज) कार्य योजना निर्माण गर्न जिम्मा दिने विषयमा (विनियम तर्जुमामा जस्तै प्रकृया अपनाउने) कार्य योजनाको नमूना अनुसूची-१ मा उल्लेख गरे बमोजिमको हुनु पर्ने ।

(झ) संस्थाको लागि आवश्यक पर्ने आर्थिक तथा प्रशासनिक नियमावलीहरु तर्जुमा गर्न जिम्मा दिने सम्वन्धमा (आवश्यकतानुसार विनियम तर्जुमामा जस्तै प्रक्रिया अपनाउने)

(ञ) वचत तथा ऋणको कारोवार गर्ने संस्था भए वचत तथा ऋण परिचालन निर्देशिका पनि तर्जुमा गर्न जिम्मा दिने,

(ट) शेयर र प्रवेश शुल्क वापत रकम उठाउने र सो रकम जिम्मा दिने सम्वन्धमा,

(ठ) संस्था स्थापना सम्बन्धी अन्य आवश्यक विषयहरुमा निर्णय गर्ने ।

(ड) पहिलो प्रारम्भिक भेलाको निर्णयको नमुना अनुसुची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) दोश्रो भेला :

प्रथम भेलाले सुम्पेको जिम्मेवारी (सस्थाको विनियमको मस्यौदा तयारी, कर्ययोजनाको निर्माण, आवश्यकतानुसार आर्थिक तथा कर्मचारी प्रशासन नियमावलीहरुको निर्माण कार्यहरु) पुरा भई सकेपछि प्रथम प्रारम्भिक भेलामा उपस्थित सवै व्यक्तिहरु (कम्तीमा २५ जना) उपस्थित भइ देहामा उल्लेखित विषयमा छलफल गरी निर्णय गर्नु पर्दछ । दोश्रो प भेलामा दर्ता गर्ने कार्यालयका सम्वन्धित अधिकारीलाइ उपस्थित हुन अनुरोध गर्न सकिने र यस्तो अनुरोध भई आएमा सम्वन्धित अधिकारी वा निजको प्रतिनिधि संभव भए सम्म उपस्थित भई सहकारी सम्वन्धी आवश्यक ज्ञान दिनुका साथै संस्था दर्ताको लागि आवश्यक सहयोग समेत पुऱ्याउनु पर्नेछ । यस भेलाले कम्तिमा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्नु पर्नेछ :

(क) मस्यौदा विनियम उपर छलफल गरी निर्णय लिने : मस्यौदा विनियममा उल्लेखित विषयहरु मध्ये कम्तीमा देहायका विषयमा राम्रोसंग छलफल गर्नु पर्दछ -

(१) संस्थाको उद्देश्य र कार्यहरुको सम्वन्धमा,

(२) सदस्यहरुको जिम्मेवारी र जवाफदेहीको सम्वन्धमा

(३) विभिन्न कोषहरुको रकम बाँडफाँड सम्वन्धमा,
(४) व्यवस्थापक/कर्मचारीहरुको जिम्मेवारी र जवाफदेही सम्वन्धमा,
(५) संचालक समितिको काम कर्तव्य र अधिकारको विषयमा (साधारण सभाको अधिकारलाई कुण्ठीत गरिएको छ वा छैन विचार गर्ने)
(६) विभागबाट जारी भएको मापदण्डमा उल्लेख भएका विषयहरु समाविष्ट भए नभएको)

(ख) कार्ययोजनाको विषयमा छलफल गर्ने र निर्णय लिने (तयार गरिएको कार्ययोजनाले संस्थाको उद्देश्य पुरा हुन सक्छ वा सक्दैन हेर्नुपर्ने )
(ग) संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने (सामान्यतया तदर्थ संचालक समितिको अध्यक्ष र वढीमा अन्य २ जना सम्मलाई अधिकार प्रत्यायोजन गर्ने)
(घ) संस्था दर्ता पश्चात शेयर र सदस्य प्रवेश शुल्क वापत उठेको रकम कुन बैंकमा खाता खोली जम्मा गर्ने र खाता संचालन कस कसवाट हुने (सहकारी नियमावली २०४९ को नियम १७ प्रतिकूल नहुने गरी) निर्णय गर्ने ।
(ङ) स्वघोषण पत्र, वचत तथा ऋण परिचालन निर्देशिका, आर्थिक तथा प्रशासनिक नियमावली पारित गर्ने सम्बन्धमा ।
(च) दोस्रो भेलाको निर्णयको नमुना अनुसुची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ५.१ विनियममा समावेश हुनु पर्ने विषयहरु :

सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली, २०४९ मा सहकारी संस्था वा संघको विनियमको ढाँचा कस्तो हुने भन्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको छैन । यद्यपी ऐनको दफा १२(३) मा विनियममा संस्था वा संघको नाम, ठेगाना, कार्यक्षेत्र, उद्देश्य, संचालन विधि तथा तोकिए वमोजिमको अन्य विवरणहरु खुलाइएको हुनुपर्छ भन्ने व्यवस्था गरिएको छ भने सहकारी नियमावली, २०४९ को अनुसूची-३ मा प्रस्तावित संस्थाको विनियममा उल्लेख गर्नु पर्ने विषयहरु उल्लेख गरिएको छ जुन यस प्रकार छ :

| | | |
|---|---|---|
| १. संस्थाको नाम र ठेगाना, | २. कार्यक्षेत्र | ३. परिभाषा, |
| ४. उद्देश्य, | ५. कार्य | ६. सदस्यता |
| ७. सदस्यको लागि योग्यता, | ८. प्रवेश शुल्क, | ९. सदस्यतावाट राजीनामा, |
| १०. सदस्यको निष्काशन, | ११. कोषको व्यवस्था, | १२. शेयर पूंजी, |
| १३. शेयर प्रमाण-पत्र, | १४. शेयरको हस्तान्तरण वा फिर्ता, | १५. दायित्व, |
| १६. हकवालाको मनोनयन, | १७. हकदावी वा नामसारी, | १८.प्रारम्भिक साधारण सभा, |
| १९. साधारण सभा | २०. विशेष साधारण सभा | २१.साधारण सभाका काम, कर्तव्य र अधिकार |
| २२.संचालक समितिको गठन एवं काम कर्तव्य र | २३. संचालकको पदमा वहाल रहन नसक्ने अवस्था, | २४. समितिको वैठक<br>२५. अध्यक्षको काम कर्तव्य |

| | | |
|---|---|---|
| अधिकार | | र अधिकार |
| २६. उप समितिको गठन र कार्यविधि | २७. लेखा समितिको गठन | २८. लेखा समितिको काम, कर्तव्य र अधिकार |
| २९. व्यवस्थापकको नियुक्ति, काम कर्तव्य र अधिकार | ३०. वचत वितरण | ३१. कोषको सुरक्षा |
| ३२. कोषको उपयोग | ३३.संघ, संस्थाले राख्न पर्ने वहिखाता र कितावहरु | ३४.वार्षिक हिसाव जाँच |
| ३५. निर्वाचन | ३६. मध्यस्थता सम्वन्धी व्यवस्था | ३७. विनियम संशोधन |
| ३८. विघटन | ३९. विविध | |

## ५.२. विभागीय परिपत्र र विभागबाट जारी भएको मापदण्डमा उल्लेखित विषयहरु समेत विनियममा समावेश गर्नुपर्ने :

माथि उल्लेख गरिएका विषयहरु विनियममा अनिवार्य रुपमा समावेश गरिनु पर्दछ भने सो का अतिरिक्त विभागवाट जारी भएको मापदण्ड र विभागबाट विभिन्न मितिमा जारी गरिएका परिपत्रहरुमा उल्लेख गरिएका देहायका विषयहरु समेत विनियममा समावेश गर्नुपर्दछ -

-1_ संस्थाले गर्ने कार्य उद्देश्य नामवाट प्रष्ट हुने गरि संस्थाको नाम राख्नु पर्ने ( जस्तै जनता उपभोक्ता सहकारी संस्था लि. वा समृद्ध वचत तथा ऋण सहकारी सस्था लि.), व्यवसायको उद्देश्य नखुल्ने जस्तै मनकामना सहकारी संस्था लि. राख्नु हुदैंन ।

-2_ संस्थाको कार्य प्रकृतिले प्रचलित कानून वमोजिम अन्य निकायको अनुमति, स्वीकृति वा इजाजत लिनु पर्ने व्यवस्था गरिएको रहेछ भने सो लिएर मात्र कारोवार संचालन गर्ने भन्ने व्यवस्था राख्ने (जस्तै- संचार सम्वन्धी सहकारी संस्थाको गठन गर्ने भए नेपाल सरकार सूचना तथा संचार मन्त्रालयको स्वीकृति लिनु पर्ने वाक्यांश राख्ने)

-3_ प्रस्तावित संस्था वचत तथा ऋणको कारोवार गर्ने प्रकृतिको रहेछ भने विनियममा निम्न विषयहरु समेत समावेश गर्नु पर्नेछ :-

(क) संस्थाको नामको पछाडी फाइनान्स, इन्भेष्टभेण्ट, डेभलपमेन्ट जस्ता शव्दहरु नराख्ने,

(ख) संस्थाको विनियममा आफ्ना सदस्यहरुसंग मात्र वचत जम्मा गरिने र आफ्ना सदस्यहरुलाई मात्र ऋण प्रदान गरिनेछ भन्ने वांक्यांश समावेश गर्ने, (वचत तथा ऋण सहकारी संस्थाको हकमा व्यवसाय गर्ने सहकारी संस्थाको हकमा यस्तो व्ढवस्था राख्न नपाइने)

(ग) संस्थाको नियमित वचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य नवनाईने व्यवस्था विनियममा समावेश गर्ने,

(घ) संस्था दर्ता हुंदाका वखत आवेदन गर्ने सदस्यहरु वाहेक अन्य सदस्यले संस्थाको सदस्यता प्राप्त गरेको कम्तिमा ६ महिना अवधि व्यतित भए पछि मात्र ऋण प्राप्त गर्ने भन्ने व्यवस्था समावेश गर्ने,

(ङ) प्राथमिक पूंजिँ कोषको १० गुणा भन्दा वढी वचत जम्मा नगरिने भन्ने व्यवस्था समावेश गर्ने,

(च) एक गाँउ विकास समिति कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना सोही गाँउ विकास समितिका बासिन्दाहरुले आवेदन गर्दा एक गाँउ विकास समिति र प्रत्येक जोडिएका गाँउ विकास समितिका थप भिन्न परिवारका २५ जना स्थानिय बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ गाँउ विकास समितिसम्म कार्यक्षेत्र रहने गरी कार्य क्षेत्र कायम गर्ने । एक नगरपालिकाको जोडिएका २ वटा वडा कार्य क्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा नगरपालिकाको २ वटा जोडिएका वडा कार्यक्षेत्र तथा प्रत्येक जोडिएका २ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा नगरपालिका भर कार्यक्षेत्र रहने गरी कार्य क्षेत्र कायम गर्ने । उपमहानगरपालिका र महानगरपालिकाको १ वटा वडा कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा १ वटा वडा कार्यक्षेत्र तथा प्रत्येक जोडिएका १ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ वटा वडा कार्यक्षेत्र रहने गरी कार्य क्षेत्र कायम गर्ने ।

स्पष्टिकरण बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले एकै जिल्ला भित्रका जोडिएका गाँउ विकास समिति र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाका वडा क्षेत्र समेत जोडी कार्यक्षेत्र कायम गर्न माग गर्न सक्नेछन ।

(छ) गैह्र सदस्यसंग कारोवार नगरिने विषय समावेश गर्ने ।

(ज) संस्थामा कम्तीमा १५% तरलता राखिने विषय समावेश गर्ने ।

(झ) संचालक समितिको पदमा उम्मेदवार हुने सदस्यको संस्थामा भाखा नाघेको ऋण रहन नहुने र प्रचलित कानून वमोजिम कालो सूचीमा नपरेको सम्पत्ति शुद्धिकरण सम्बन्धी कानूनको कसूर नगरेको भनि स्वघोषणा पत्र पेश गर्नुपर्ने प्रावधान राख्ने ।

## ६. सहकारी संस्था दर्ता निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

माथि उल्लेख भए अनुसारको प्रस्तावित विनियम र कार्ययोजना दोश्रो भेलाबाट पास भइसकेपछि निम्न कागजातहरु संलग्न राखि संस्था दर्ताको लागि सहकारी नियमावली, २०४९ मा दिईएको नमूना वमोजिमको आवेदनपत्र भरी

सम्वन्धित जिल्लाको डिभिजन सहकारी कार्यालयमा रु. १०।- को टिकट टाँस गरी अनुसुची-४ अनुसारको ढांचामा आवेदन गर्नु पर्दछ ।

-1_ प्रस्तावित संस्थाको दुई प्रति प्रमाणित सक्कल विनियम (यदि अन्य जिल्लाको प्रादेशिक अधिकार रहेको कार्यालयमा सो संस्था दर्ता हुने भए ३ प्रति प्रमाणित सक्कल विनियम, जसमा तदर्थ संचालक समितिले प्रत्येक पृष्ठको शिर पुछारमा सही गरि प्रमाणित गरेको हुनु पर्नेछ दस्तखत गरी फोटोकपि गरेकोलाइ मान्यता नदिने)

-2_ अनुसुची - ३ बमोजिमको प्रस्तावित संस्थाको २ प्रति प्रमाणित सक्कलै कार्ययोजना, (यसमा पनि खण्ड (१) मा उल्लेख भए वमोजिम प्रमाणित गर्नु पर्नेछ )

-3_ प्रथम प्रारम्भिक भेला र दोश्रो भेलाले निर्णयहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु (अधिकार प्रत्यायोजन गरिएका व्यक्तिबाट प्रमाणित गराउने)

-4_ संस्थाको हकमा आवेदन गर्ने कम्तीमा २५ जवान (भिन्न परिवारका) व्यक्तिहरुको विवरण र दस्तखत संलग्न भएको सक्कलै विवरण फाराम,

-5_ आवेदकहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (आवेदकहरुको विवरण र दस्तखतको नमूना अनुसूची - ९ बमोजिमको)

-6_ आवेदन पत्रमा प्रस्तावित सहकारी संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको हुनु पर्दछ ।

-7_ संस्था दर्ता सम्वन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहितको सक्कल अधिकारपत्र (अनुसूची-५ बमोजिमको)

-8_ संस्थाको प्रस्तावित संस्था वा संघको कर्मचारी दरवन्दी विवरण (ऐच्छिक),

-9_ शेयर र प्रवेश शुल्क वापत उठेको रकम कुनै वैंकमा जम्मा गरेको भौचर र जिम्मा लिने व्यक्तिले गरेको भर्पाई (अनुसूची-८ बमोजिमको)

-10_ तदर्थ संचालक समितिका पदाधिकारीहरुको फोटो सहित ३ पुस्ते विवरण, ( अनुसूची-१० बमोजिमको)

-11_ आवेदकहरु संस्थाको कार्यक्षेत्र भित्र स्थायी वसोवास गरेको प्रमाण । यस्तो प्रमाणको रुपमा निम्न मध्ये कुनै एकलाई मानिनेछ :-

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नोटरी पव्लिकबाट प्रमाणित भएको हुनुपर्ने) ।
- हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो ।
- कार्यक्षेत्रभित्र बसोवास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

➢ परिवार सहितको बसाई सराई गरी आएको भए सोको प्रमाण पत्र ।

- वैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित ।
- घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा हालसालै विद्युत महसुल तिरेको बिल र तिरो तिरेको रसिद ।
- विगत दुई वर्ष देखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर तिरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु ।
- कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा वहालमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने स्थानिय निकायले गरेको बढीमा १ महिना भित्रको सिफारिश ।
- आमा बाबु श्रीमान श्रीमती र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर सगोलमा रहेको नाता समेत खुल्ने स्थानीय निकायको सिफारिस ।

- बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु मध्ये कम्तिमा ८० प्रतिशत आबेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधै कायम राख्नु पर्नेछ ।

७. प्रारम्भिक सहकारी संस्थाको कार्य क्षेत्र सम्वन्धी प्रावधानहरु :

(१) बसोबासको आधारमा दर्ता हुने बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थालाई दर्ताको समयमा देहाय बमोजिम हुने गरी कार्यक्षेत्र तोकिने छ ।

(क) गाँउ विकास समिति क्षेत्र : एक गाँउ विकास समिति कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना सोही गाविसका बासिन्दाहरुले आवेदन गर्दा एक गाँउ विकास समिति कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ ।

तर प्रत्येक जोडिएका गाँउ विकास समितिका थप भिन्न परिवारका २५ जना स्थानिय बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ गाँउ विकास समितिसम्म कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्न सकिनेछ ।

(ख) नगरपालिका क्षेत्र : एक नगरपालिकाको जोडिएका २ वटा वडा कार्य क्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा नगरपालिकाको २ वटा जोडिएका वडा कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ ।

तर प्रत्येक जोडिएका २ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा नगरपालिका भर कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्न सकिनेछ ।

(ग) उपमहानगरपालिका/महानगरपालिका क्षेत्रः उपमहानगरपालिका र महानगरपालिकाको १ वटा वडा कार्यक्षेत्र राखी भिन्न परिवारका २५ जना सोही वडाका बासिन्दाहरुले आवेदन गर्दा १ वटा वडा कार्यक्षेत्र दिई संस्था दर्ता गरिनेछ ।

तर प्रत्येक जोडिएका १ वडाका भिन्न परिवारका २५ जना बासिन्दाहरुको आबेदनका आधारमा बढीमा जोडिएका ५ वटा वडा कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्न सकिनेछ ।

(२) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले उपदफा (१) को आधारमा एकै जिल्ला भित्रका जोडिएका गाँउ विकास समिति र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाका वडा क्षेत्र समेत जोडी कार्यक्षेत्र कायम गर्न माग गर्न सक्नेछन ।

(३) कृषि, उद्योग तथा व्यावसायिक प्रकृतिका सहकारी संस्थाको हकमा उक्त संस्थाले प्रदान गर्ने सेवा वा उत्पादनको प्रकृति, सदस्यता र भौगोलिक अवस्था हेरी रजिष्ट्रारको स्वीकृतिमा एक जिल्लासम्म कार्यक्षेत्र राखी संस्था दर्ता गर्न सकिनेछ ।

तर ठूलो कार्यक्षेत्र चाहिने स्वास्थ्य सेवा, संचार, यातायात, विद्युत उत्पादन र वितरण, कृषि उत्पादन, भण्डारण, प्रशोधन र बजारिकरण एवं अन्य उद्योगहरु स्थापना गर्ने सहकारी संस्थाको हकमा पेश गरिएको कार्य योजना, सम्भाव्यता र पुरानो संस्थाको हकमा प्रगति समेतको आधारमा एक जिल्ला भन्दा बढी कार्यक्षेत्रको लागि रजिष्ट्रारले स्वीकृति प्रदान गर्न सक्नेछ । यस्तो व्यापक कार्यक्षेत्र भएका संस्थाहरुले बचत तथा ऋणको कारोवार गर्न पाउने गरी उद्देश्य निर्धारण गर्न पाउने छैनन् ।

# परिच्छेद - ३
# सहकारी संघ दर्ता सम्बन्धी व्यवस्था

## ८. सहकारी संघको दर्ता :

(१) सहकारी सिद्धान्त र मान्यताका आधारमा आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासका लागि समन्वयात्मक रुपमा प्रवर्द्धनात्मक सेवा सुविधा पुऱ्याउने उद्देश्यले देहाय वमोजिमको संघहरु गठन गर्न सकिनेछ :-

(क) विषयगत जिल्ला संघ,
(ख) जिल्ला सहकारी संघ,
(ग) केन्द्रीय सहकारी संघ,
(घ) राष्ट्रिय सहकारी संघ ।

(२) एउटा जिल्लामा एक भन्दा बढी जिल्ला सहकारी संघ वा एकै प्रकृतिको विषयगत संघ तथा एकै प्रकृतिको एक भन्दा बढी केन्द्रीय सहकारी संघ गठन गर्न सकिने छैन ।

(३) केन्द्रीय संघ दर्ता गर्दा नेपालभरमा दर्ता भएका प्रारम्भिक संस्था र विषयगत संघ कम्तिमा ५० (पचास) प्रतिशत भन्दा वढी सहभागी गराउने वा राष्ट्रियस्तरको पत्रिकामा १५ (प्रन्ध) दिने सूचना प्रकाशित गरी सो अवधि भित्र आवेदन गर्ने प्रारम्भिक संस्था तथा विषयगत संघहरुलाइ समावेश गरी आवेदन गर्नु पर्ने ।

(४) विषयगत संघ वा जिल्ला सहकारी संघ दर्ता गर्दा सो जिल्लामा भएका कम्तिमा ५० (पचास) प्रतिशत भन्दा वढी संस्थाहरुलाइ सहभागी गराउने वा राष्ट्रिय/स्थानीय स्तरको पत्रिकामा १५ (प्रन्ध) दिने सूचना प्रकाशित गरी सो अवधि भित्र आवेदन गर्ने प्रारम्भिक संस्थाहरुलाइ समावेश गरी आवेदन गर्नु पर्ने ।

(५) सहकारी विभागबाट जारी भएको मापदण्डमा विषयगत संघको सञ्चालक समितिमा कम्तिमा ७ (सात) जना संचालकहरु रहने व्यवस्था हुंदा सो संघ दर्ता गर्न कम्तिमा १० वटा प्रारम्भिक संस्थाहरुले आवेदन दिनु पर्ने ।

(६) सहकारी विभागबाट जारी भएको मापदण्डमा जिल्ला सहकारी संघको सञ्चालक समितिमा कम्तिमा ९ (नौ) जना संचालकहरु रहने व्यवस्था हुंदा सो संघ दर्ता गर्न कम्तिमा १२ वटा प्रारम्भिक संस्था वा विषयगत संघहरुले आवेदन दिनु पर्ने ।

## ८.१ दर्ताको कार्यविधि

संघको दर्ता सम्वन्धमा सहकारी संस्थाको दर्ताको लागि अपनाईने प्रकृया नै अनुसरण गरिनु पर्दछ । संघ गठन गर्न इच्छुक सहकारी संस्था वा संघका

प्रतिनिधिहरुको प्रथम प्रारम्भिक भेला र दोस्रो भेला वोलाउनु पर्छ। ती भेलाहरुमा निम्न वमोजिम छलफल र निर्णयहरु गरिनु पर्दछ :-

(क) प्रथम प्रारम्भिक भेला :

माथि उल्लेख भएका विषयहरुलाई मध्यनजर राखी कस्तो किसिमको संघ खोल्ने हो सो को यकिन भईसकेपछि सम्बन्धित संघको सदस्यता प्राप्त गर्न सक्ने योग्यता पुगेका संस्था वा संघहरुको प्रतिनिधिहरु मिलेर सम्पूर्ण संस्था वा संघहरुका प्रतिनिधिहरुको उपस्थितिमा प्रथम प्रारम्भिक भेला बोलाई निम्न विषयहरुमा प्रस्ताव राखी निर्णय गर्नु पर्दछ :-

-1_ संघ खोल्ने विषयमा,

-2_ संघको नाम, ठेगाना सम्वन्धमा,

-3_ संघको शेयर (प्रति शेयर कति राख्ने) र प्रवेश शुल्क सम्वन्धमा,

-4_ संघको तदर्थ संचालक समिति गठन सम्वन्धमा,

-5_ संघको विनियमको मस्यौदा तयारीको जिम्मा दिने सम्बन्धमा, (उपस्थित सदस्य प्रतिनिधिहरु मध्ये कसैलाई विनियमको मस्यौदा तर्जुमा गर्न जिम्मा दिने वा विनियम मस्यौदा समिति गठन गर्ने वा कुनै विशेषज्ञको सेवा लिने निर्णय गर्ने)

-6_ शेयर र प्रवेश शुल्क वापत उठेको रकम तोक्ने सम्वन्धमा,

-7_ प्रस्तावित आर्थिक तथा प्रशासनिक नियमावलीको मस्यौदा, तर्जुमा गर्न जिम्मा दिने सम्बन्धमा (विनियम तर्जुमाको जस्तै प्रकृया अपनाउने)

-8_ कार्य योजना तर्जुमा गर्न जिम्मा दिने सम्वन्धमा,

-9_ कार्यक्षेत्र निर्धारण सम्वन्धमा,

1_ उल्लेखित विषयहरुमा निर्णय गर्दा सर्वप्रथम सम्पूर्ण संघ सस्थाका प्रतिनिधिहरु उपस्थित भई प्रस्तावित विषयहरुमा छलफल गरी निर्णय गर्नु पर्दछ।

2_ माथि उल्लेखित विषयहरुमा व्यापक छलफल गरि निर्णय भईसकेपछि भेलामा उपस्थित सम्पूर्ण प्रतिनिधिहरुले निर्णय लेखिएको निर्णय पुस्तिकाको पृष्ठ पृष्ठको शिर र पुच्छारमा दस्तखत गरि वन्द गर्नुपर्नेछ ।

(ख) दोश्रो भेला

प्रथम भेलाले सुम्पेको जिम्मेवारी जस्तै प्रस्तावित संघको मस्यौदा विनियम, आर्थिक तथा प्रशासनिक नियमावली, कार्ययोजना तयार गरे पश्चात प्रथम प्रारम्भिक भेलामा उपस्थित सवै प्रतिनिधि सदस्यहरु उपस्थित भई निम्न विषयमा छलफल गरी निर्णय लिनु पर्दछ :

-1_ मस्यौदा विनियम उपर छलफल गरी निर्णय लिने (मस्यौदा विनियममा उल्लेखित विषयहरु मध्ये कम्तीमा देहायका विषयमा छलफल गर्नुपर्ने छ)

(क) प्रस्तावित संघको उद्देश्य र कार्यहरुको सम्बन्धमा,

(ख) सदस्यहरुको जिम्मेवारी र जवाफदेही सम्बन्धमा,

(ग) कोषहरुको रकम बाडँफाँड सम्बन्धमा,

(घ) व्यवस्थापक/कर्मचारीहरुको जिम्मेवारी र जवाफदेहीताको सम्बन्धमा,

(ङ) संचालक समितिको काम कर्तव्य र अधिकारको सम्बन्धमा,

(च) विभागबाट जारी भएको मापदण्डका समावेश भएका विषयहरु ।

(२) संघको कार्ययोजनाको सम्बन्धमा छलफल गरी निर्णय गर्ने संघको कार्य योजनाको सम्वन्धमा कम्तीमा निम्न विषयमा छलफल गर्नु पर्नेछ :

(क) संघको विनियममा उल्लेखित उद्देश्यहरु पूरा गर्न सकिने खालका कार्ययोजना छ छैन ?

(ख) उल्लेखित उद्देश्य प्राप्तिको लागि के कति पूंजी आवश्यक पर्छ र सो पूर्जी संघसंग छ वा छैन ?

(ग) संघको उक्त कार्यमा के कति रकम लाग्छ र कति बचत हुन सक्छ

(घ) अन्य सम्वद्ध र आवश्यक विषयहरु ।

(३) आर्थिक तथा कर्मचारी प्रशासन नियमावलीको सम्बन्धमा (आवश्यकतानुसार)

(५) सदस्य संस्थावाट उठेको शेयर रकम र प्रवेश शुल्क वापतको रकम जिम्मा लिने सम्बन्धमा

(६) संघ दर्ता पश्चात संघको रकम कुन बैकको कुन खातामा जम्मा गर्ने र कुन कुन व्यक्तिबाट खाता संचालन हुने सो सम्बन्धमा (सहकारी नियमावली २०४९ को नियम १७ संग प्रतिकूल नहुने गरी)

## ९. सहकारी संघ दर्ता निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

माथि लेखिए अनुसार प्रस्तावित विनियम, कार्ययोजना, विभिन्न प्रस्तावहरुमाथि छलफल भै निर्णय भैसकेपछि निम्न कागजात संलग्न राखि यदि प्रस्तावित संघ, केन्द्रीय सहकारी संघ भए सहकारी विभागमा र यदि प्रस्तावित संघ, विषयगत जिल्ला संघ वा जिल्ला सहकारी संघ भए सम्वन्धित डिभिजन सहकारी कार्यालयमा दर्ताको लागि सहकारी नियमावली, २०४९ को अनुसूचीमा दिएको नमूना वमोजिमको आवदेन फाराम (निर्देशिकाको अनूसूची-४ वमोजिमको ढांचामा) भरी रु १०।- को टिकट टाँसी आवेदन दिनुपर्दछ :-

l= प्रस्तावित संघको प्रमाणित सक्कल विनियम २ प्रति (यदि संघ खोल्ने जिल्ला भन्दा अर्कै जिल्लाको प्रादेशिक अधिकार क्षेत्र भएको डिभिजन सहकारी कार्यालयवाट दर्ता गर्नुपर्ने भएमा विनियम ३ प्रति )

2= प्रस्तावित संघको दुई प्रति आर्थिक तथा प्रशासनिक नियमावली, प्रमाणित सक्कल (ऐच्छिक)

3= प्रस्तावित संघको सक्कलै प्रमाणित कार्ययोजना २ प्रति,

4= प्रथम प्रारम्भिक भेला र दोस्रो भेलाका निर्णयहरुको प्रमाणित प्रतिलिपि ( अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरुबाट प्रमाणित) १ प्रति ।

5= आवेदन गर्ने संस्था वा संघको विवरण (दर्ता प्रमाण पत्रको प्रतिलिपिहरु र आवेदन गर्ने संघ/संस्थाका प्रतिनिधिहरुको विवरण र दस्तखत सक्कलै २ प्रति । (अनुसूची-११ बमोजिमको)

6= प्रस्तावित संघको तदर्थ संचालक समितिको विवरण अनुसूची-१२ बमोजिमको ।

7= संघ/संस्थाको प्रतिनिधि भएको संस्था/संघको निर्णय र प्रमाणित पत्र ।

8= शेयर र प्रवेश शुल्क वापतका रकम जिम्मा लिनेको भरपाई अनुसूची-८ बमोजिमको (यस्तो जिम्मा लिने व्यक्ति तदर्थ समितिको सदस्य हुनुपर्दछ )

9= संघको प्रस्तावित संस्था वा संघको कर्मचारीको दरवन्दी विवरण (ऐच्छिक)

10= संघको सदस्यता र सो को लागि संस्थाको प्रतिनिधि कसलाई तोकिएको हो सो को निर्णयको प्रमाणित प्रतिलिपि ।

11= संघ दर्ता गर्नको लागि आवेदन गर्न पत्रिकामा प्रकाशित सूचनाको सक्कलै पत्रिका

12= प्रतिनिधिहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि (नोटरी पव्लिकबाट प्रमाणित)

# परिच्छेद - ४
# विविध

## १०. सहकारी संघ/संस्थाको दर्ता गर्दा ध्यान दिनु पर्ने विषयहरु

संस्था वा संघ दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले आफु समक्ष संस्था वा संघ दर्ताका लागि पेश हुन आएको प्रस्तावित विनियममा देहायका विषयहरुको गम्भीरता पूर्वक अध्ययन गरी संघ वा संस्था दर्ता गर्नु पर्नेछ ।

-1_ संस्था/संघको उद्देश्य सहकारी सिद्धान्तसंग मिल्ने खालको छ छैन ?

-2_ संस्थाको कार्य क्षेत्र सदस्यले सेवा लिन र दिन सक्ने भौगालिक सीमा भित्रको छ छैन?

-3_ संस्था दर्ताका लागि पेश गरिएको आवेदनमा उल्लेखित आवेदकहरु सो संस्थाको कार्यक्षेत्र भित्र वसोवास गर्ने हुन वा होइनन् ?

-4_ संस्थाको कार्य प्रकृति सदस्यको आवश्यकतालाई समेट्ने खालको छ छैन?

-5_ संस्थाको कार्यक्रम सदस्यको पेशा, रोजगारी र व्यवसायमा टेवा पुऱ्याउने खालको छ छैन ?

-6_ संस्थाको विनियम सहकारी सिद्धान्त, सहकारी ऐन, नियम विभागबाट जारी भएको मापदण्ड तथा विभागवाट समय समयमा गरिएका परिपत्र अनुरुपको छ छैन?

-7_ संस्था र सदस्य वीच निरन्तर कारोवार हुन सक्ने अवस्था छ छैन ?

-8_ संस्थाको विनियम समान आवश्यकता र समान चाहना भएका व्यक्तिहरुले स्वेच्छिक रुपमा संस्थाको सदस्यता माग गर्दा सदस्यता प्रदान गर्न सक्ने खालको छ छैन?

-9_ संस्थाको कार्य योजना सदस्यको व्यवसायिक हित गर्ने खालको छ छैन?

-10_ प्रारंभिक सहकारी संस्थामा प्राकृतिक व्यक्तिमात्र सदस्य हुन भएकोले संस्था दर्ता गर्दा निवेदन दिने आवेदकहरु अलग अलग परिवारका कम्तिमा २५ जना व्यक्तिहरु हुन वा होइनन् ।

माथि उल्लेखित विषयहरुको प्रतिकूल हुने गरी प्राप्त हुन आएका संस्था वा संघको दर्ता सम्वन्धी निवेदन उपर कारवाही अघि बढाउन नसकिने भए सहकारी ऐन, २०४८ को दफा ६ बमोजिम सो को जानकारी वा माथि उल्लेखित विषयहरुको प्रतिकूल नहुने गरी प्रस्तावित विनियममा परिमार्जन गर्न सम्वन्धित पक्षलाई सम्वन्धित अधिकारीले तुरुन्तै जानकारी दिनु पर्नेछ ।

## ११. संशोधन र खारेजी :

-1_ यो निर्देशिकामा उल्लेखित प्रावधानहरु विभागीय निर्णय र परिपत्रहरुवाट समय समयमा आवश्यकतानुसार संशोधन एवं परिमार्जन गर्न सकिनेछ ।

-2_ यो निर्देशिका लागू भएपछि विभागवाट यस अघि लागू गरिएको संस्था/संघ दर्ता निर्देशिका (तेश्रो संस्करण, २०६२) स्वतः खारेज हुनेछ ।

१२. सहकारी सिद्धान्तहरु :

सहकारी ऐन, २०४८ को दफा ३ मा सहकारी सिद्धान्त भन्ने शव्दहरुको प्रयोग गरिएको छ तापनि सहकारी सिद्धान्तको परिभाषा गरिएको छैन । सहकारी अभियानमा सम्वद्ध सवै सहकारीकर्मीहरुले सहकारी सिद्धान्तहरुको वारेमा जानकारी राख्नु सामान्य समझको विषय भएको छ । तसर्थ सहकारी सिद्धान्तहरुको आधिकारीक जानकारी अन्तर्राष्ट्रिय सहकारी महासंघ (क्ष्अब) को सन् १९९५ को सेप्टेम्वरमा सम्पन्न महासभावाट व्याख्या गरिएका सहकारी सिद्धान्तहरु कै अनुशरण गरी सहकारी संघ/संस्थाहरु संचालन हुनु पर्ने भएकोले ती सिद्धान्तहरुलाई सम्बद्ध पक्षको जानकारीका लागि यहां उल्लेख गरिएको छ ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता

सहकारी एक स्वैच्छिक संगठन हो । सहकारीवाट प्राप्त हुने सेवा, सुविधाहरु उपभोग गर्न र सदस्यताको उत्तरदायित्व वहन गर्न स्वीकार गर्नेहरुका लागि लिङ्ग, जाती, सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभाव विना यसको सदस्यता खुल्ला रहेको हुन्छ ।

२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण :

सहकारी सदस्यहरुद्वारा नियन्त्रित प्रजातान्त्रिक संस्था हो । यसका सदस्यहरु संस्थाको नीति निर्धारण र निर्णय गर्न सक्रिय रुपमा सहभागी हुन्छन् । प्रारम्भिक सहकारी संस्थाका सदस्यहरु एक सदस्य एक मतको आधारमा संस्थाको नीति निर्धारण र निर्णयमा सहभागी रहन्छन् । जति सुकै शेयर खरिद गरेको भए पनि सदस्यहरुका विचमा समान मत अधिकार (एक व्यक्ति एक मत) रहेको हुन्छ । संस्थाका निर्वाचित प्रतिनिधिहरु सदस्यहरु प्रति उत्तरदायि रहन्छन् । साथै अन्य तहका सहकारीहरु पनि प्रजातान्त्रिक आधारमै गठन गरिन्छन् ।

३) सदस्यहरुद्वारा आर्थिक सहभागिता :

सहकारीको पूँजी उपर यसका सदस्यहरुको न्यायिक अथवा समान सहभागिता र प्रजातान्त्रिक नियन्त्रण रहेको हुन्छ किनभने उक्त पूंजीको केही भाग सदस्यहरुकै साझा सम्पत्ति हुन्छ । सहकारीमा केही वचत भए सदस्यहरुले शेयर सदस्यता वापत सीमित रुपमा लाभांश प्रांप्त गर्दछन् । सदस्यहरुले बचतलाई विशेष गरी सहकारी विकासका लागि सञ्चित कोष स्थापना गरेर ( यसको निश्चित अंश अविभाज्य हुन्छ । सहकारीसंग गरेको कारोवारको अंशको आधारमा सदस्यहरुलाई लाभ पुर्‍याउन र सदस्यहरुले निर्धारण गरेको अन्य कार्यहरुलाई सहयोग गर्न विनियोजन गरेका हुन्छन् ।

४) स्वायत्तता र स्वतन्त्रता :

सहकारी स्वायत्त, स्वावलम्वी र सदस्यहरुद्वारा नियन्त्रित संगठन हो । उनीहरुले सरकार तथा अन्य निकायसित कुनै सम्झौता गर्नु पर्दा वा वाह्य श्रोतवाट पूंजी जुटाउनु पर्दा आफ्ना सदस्यहरुको हुने प्रजातान्त्रिक नियन्त्रण र स्वायत्ततामा आँच नआउने शर्तमा गर्दछन् ।

५) शिक्षा, तालिम र सूचना ::

सहकारीले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीलाई सहकारी शिक्षा तथा तालिम प्रदान गर्दछ् यसले गर्दा उनीहरुले सहकारीको विकासका निमित्त प्रभावकारी योगदान पुऱ्याउन सक्षम हुन्छन् । यस्ता शिक्षा र तालिमले सर्वसाधारण जनता विशेष गरी तरुण पुस्ता र वैचारिक नेताहरुलाई सहकारीको प्रकृति तथा लाभवारे सुसूचित गर्न मद्दत पुऱ्याउंछ् ।

६) सहकारी बीच पारस्परिक सहयोग :

सहकारीले आफ्ना सदस्यहरुलाई प्रभावकारी तवरले सेवाहरु उपलव्ध गराउंदछन् । सहकारी आन्दोलनको सृदृढीकरणका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकारिताको माध्यमद्वारा परस्पर मिलेर काम गर्दछन् ।

७) समुदायप्रति चासो :

सदस्यहरुद्वारा निर्धारण गरिएका नीतिहरुकै आधारमा समुदायको हित र दिगो विकासका लागि काम गर्नु सहकारीहरुको जिम्मेवारी भित्रै पर्दछ ।

## १३. ऋण संघ संचालन गर्ने अन्तर्राष्ट्रिय सिद्धान्तहरु :

विश्व ऋण परिषदको साधारण भेलाद्वारा २४ अक्टोवर १९८२ मा पारित सिद्धान्तहरु वचत तथा ऋणको कारोवार गर्ने संघ/संस्थाहरुको लागि मार्ग दर्शक सिद्धान्तका रुपमा रहेका छन् । उक्त सिद्धान्तका आधारमा वचत तथा ऋण कारोवार गर्ने सहकारी संघ/संस्थाहरुले आफ्नो बचत तथा ऋणको कारोवार संचलन गर्नु पर्दछ । विश्व ऋण परिषदवाट पारित सिद्धान्तहरु सम्वद्ध पक्षको जानकारीका लागि यहां उल्लेख गरिएको छ :-

(क) प्रजातान्त्रिक संरचना

(१) खुल्ला र स्वेच्छिक सदस्यता :

सामुहिक सम्झौताको परिधि भित्र रही संस्थाको सेवाहरु उपयोग गर्ने दायित्व निर्वाह गर्न मञ्जुर गर्ने सबैका लागि वचत तथा ऋण सहकारी संस्थाको सदस्यता प्राप्त गर्न खुल्ला राखिएको हुन्छ र यसको सदस्यता स्वेच्छिक हुन्छ ।

(२) प्रजातान्त्रिक नियन्त्रण :

बचत तथा ऋण सहकारी संघ/संस्थाका सम्पूर्ण सदस्यहरुको मताधिकार "एक व्यक्ति एक मत" मा आधारित हुन्छ । संस्थावाट गरिने निर्णयमा सदस्यहरुको प्रत्यक्ष सहभागीता हुन्छ । यसको कार्यान्वयन बचत वा शेयर लगानीको परिमाणको आधारमा नभई प्रजातान्त्रिक सिद्धान्त अनुरुप अनुपातिक वा प्रतिनिधित्वको रुपमा मतदान गर्ने पद्धतीवाट हुने गर्दछ । आफ्नै नियम, विनियमको परिधि भित्र रही संस्थाको सेवाको उद्देश्यले यसका सदस्यहरुवाट संचालन हुने यस्ता संगठन स्वायत्त र स्वयंसेवी हुनाले यसका संचलकहरुले कुनै प्रकारको पारिश्रमिक पाउँदैनन् । तर न्यायोचित खर्चको सोध भर्ना भने दिन सकिनेछ ।

(३) समानता : बचत तथा ऋण संघ/संस्थामा जात जाति, लिङ्ग, धर्म र राजनीतिक आधारमा सदस्यहरुलाई भेदभाव गरिंदैन ।

(ख) सदस्यलाई सेवा

(४) सदस्यलाई सेवा :

बचत तथा ऋण संस्थामा आवद्ध सम्पूर्ण सदस्यहरुको सामाजिक र आर्थिक विकासका लागि संस्थाले सेवा प्रदान गर्दछ ।

(५) सदस्यहरुलाई लाभांश वितरण :

बचतको व्यवस्थापन गर्न उत्प्रेरणा, ऋण वितरण र अन्य सेवा प्रदान गर्न बचत तथा ऋण संस्थाको स्थिति अनुरुप बचत गरेको रकममा मुनासिव व्याज दरमा व्याज वितरण गरिन्छ । संस्थाले गरेको कारोवारवाट बचेको खुद आयको निश्चित अंश जगेडा कोषमा छुट्याईन्छ , स्थिर पूँजी वापत निष्काशन गरिएको शेयरमा निश्चित लाभांश भुक्तानी पछिको मुनाफाको बांडफांड विनिमयमा उल्लेख भए अनुरुप छुट्याउने गरिन्छ । यसवाट सदस्य वाहेक अरुलाई कुनै प्रभाव पर्ने छैन सदस्यहरुले गरेको कारोवारको अनुपातमा व्याजको रुपमा वा संरक्षकत्व जगेडा कोषको रकम वा प्रत्यक्ष सहयोग पुग्ने वा सदस्यहरुलाई आवश्यक थप सेवा पुऱ्याउन प्रयोग गरिन्छ ।

(६). आर्थिक स्थायित्व :

बचत तथा ऋण संघ/संस्थाको प्रमुख नीति वित्तिय स्थिरता प्राप्त गर्न पर्याप्त मात्रामा जगेडा कोषको स्थापना र आन्तरिक नियन्त्रण एवं सदस्यहरुलाई

नियमित सेवा प्रदान गराउनु हो । तत् दिशामा यी संघ/संस्थाहरु क्रियाशिल हुनु पर्दछ ।

(ग) सामाजिक उद्देश्यहरु

(७) अनवरत शिक्षा :

बचत तथा ऋण संघ/संस्थाले सदस्य, पदाधिकारी, कर्मचारी र सर्वसाधारण जनताहरुलाई आर्थिक मितव्ययीता, सामाजिक चेतना, प्रजातान्त्रिक नियन्त्रण र आपसी स्वावलम्वनका सिद्धान्तहरुको प्रवर्द्धन सम्वन्धमा शिक्षा दिन्छ । वित्तिय व्यवस्थापन र ऋणको उचित परिचालनका साथसाथै सदस्यहरुको जिम्मेवारी अधिकारहरु, सामाजिक र आर्थिक विकास जस्ता विषयहरुमा सदस्यहरुलाई आवश्यक जानकारी उपलव्ध गराइन्छ । यस्तो प्रक्रियामा निरन्तरता हुनु पर्दछ ।

(८) सहकारीहरु बीच सहयोग :

बचत तथा ऋणका संघ/संस्थाले आफ्नो क्षमता अनुरुप सहकारी दर्शन, सिद्धान्त र मान्यताहरुको व्यवहारिक प्रचलत तथा विकासमा अन्य ऋण संघ/संस्था, सहकारीहरु र स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका समुदाय र तिनका सदस्यहरुका वीच सहयोग गरी उनीहरुको चाहनाको अधिकतम ख्याल राख्दछ ।

(९) सामाजिक दायित्व :

सामाजिक विकास एवं मानव श्रोतको परिचालन गरी सहकारीको भावना जगाउन बचत ऋण संघ/संस्था निरन्तर प्रयत्नरत हुन्छन र यसले व्यक्तिगत सदस्यहरु तथा वृहत समुदाय दुवै क्षेत्रमा सामाजिक न्यायको विकास गर्छ । संघ/संस्थाको लक्ष्य अनुभूति गर्ने र प्राप्त गर्न सक्षम हुने सदस्यहरुलाई सेवा प्रदान गरिन्छ । यसले समुदायको आवश्यकता र चाहना अनुरुप सदस्यहरुको अधिकतम हितलाई ध्यानमा राखि समुचित निर्णय गर्ने गर्दछ ।

## अनुसूची-१

### पहिलो प्रारम्भिक भेला

आज मिति ............ गतेका दिन हामी निर्धारित कार्यक्षेत्र भित्र बसोबास गर्ने तपसिलका व्यक्तिहरुको उपस्थितिमा तथा श्री ........ को अध्यक्षतामा एउटा सहकारी संस्था लि. खोली सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले यो पहिलो प्रारम्भिक भेला बसी विविध विषयहरुमाथि गहन छलफल गरी समसामयिक र सान्दर्भिक निर्णय गरियो ।

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

*उपस्थित सबै व्यक्तिहरुको नाम, ठेगाना राखी दस्तखत गर्ने ।*

प्रस्तावहरु :

१. संस्था खोल्ने सम्बन्धमा ।
२. संस्थाको नाम र ठेगाना सम्बन्धमा ।
३. संस्थाको उद्देश्य र कार्य सम्बन्धमा ।
४. कार्यक्षेत्र निर्धारण सम्वन्धमा ।
५. शेयर र प्रवेश शुल्क निर्धारण सम्बन्धमा ।
६. तदर्थ सञ्चालक समिति गठन सम्बन्धमा ।
७. संस्थाको विनियम, कार्ययोजना, आर्थिक तथा प्रशासनिक नियम लगायत वचत तथा ऋण नीति वनाउने सम्वन्धमा । (वचत तथा ऋण नीति वचत तथा ऋण सहकारी संस्थाको हकमा र सानो कार्य क्षेत्र हुने व्यवसायिक संस्थाको हकमा मात्र)
८. शेयर र प्रवेश शुल्क वापत उठेको रकम जिम्मा सम्बन्धमा ।
९. स्व-घोषण पेश गर्ने सम्बन्धमा ।
१०. विविध

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा हामी निश्चित कार्य क्षेत्रभित्र बसोबास गर्ने मानिसहरुको आर्थिक सामाजिक स्तर उठाउन विभिन्न आयमूलक कार्यक्रम, संचालन गरी सदस्यहरुको आवश्यकता पूरा गर्ने अभिप्रायले सहकारी ऐन, नियम बमोजिम एउटा ......... सहकारी संस्था लिमिटेड खोल्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम ...... सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै प्रस्तावित यस सहकारी संस्थाको ठेगाना ............ राखी कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

संस्थाको व्यवसायलाइ ध्यानमा राखी संस्थाको उद्देश्य र कार्यहरु विनियममा उल्लेख गर्ने र सोही बमोजिम तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा प्रस्तावित यस .......... सहकारी संस्था लिमिटेडको कार्यक्षेत्र ............ जिल्लाको ........... गा.वि.स. ⁄ न.पा. राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा प्रस्तावित ......... सहकारी संस्था लिमिटेड शेयर शुल्क प्रति शेयर रु. ...... र प्रवेश शुल्क रु. ....... राख्ने निर्णय सर्वसम्मतिबाट गरियो । संस्थाको शेयर पूजिँ रु. .... राख्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा आजको भेलाबाट प्रस्तावित ...... सहकारी संस्था लिमिटेडको तदर्थ संचालक समिति देहाय बमोजिमको गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | . |
| २ | उपाध्यक्ष | . |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |
| ६ | सदस्य | |
| ७ | सदस्य | |

निर्णय नं. ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थालाई विधिवत दर्ता गरी सु-संचालन गर्नको लागि आवश्यक पर्ने संस्थाको विनियम बनाउनको लागि तपसिल बमोजिमका व्यक्तिहरु रहने गरी एक विनियम मस्यौदा उपसमिति गठन गर्ने र उक्त उपसमितिले मिति २०....।......।....... मा हुने दोश्रो भेलामा विनियमको मस्यौदा पेश गर्ने निर्णय पारित गरियो ।

संयोजक :

सदस्य :

सदस्य :

निर्णय नं. ८

प्रस्ताव नं. ८ सम्बन्धमा छलफल गर्दा संस्था दर्ता गर्ने प्रयोजनको लागी उठाइएको सम्पूर्ण सदस्यहरुबाट प्राप्त भएको शेयर शुल्क वापतको रकम रु. ..... र प्रवेश शुल्क वापतको रकम रु. ..... गरी जम्मा उठेको रकम रु. ...... (

अक्षेरुपी ....... ) संस्था दर्ता भए पश्चात संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने गरी हालको लागि संस्थाका तदर्थ समितिका ................................ श्री .................... जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाको स्व-घोषणा तयार गरी मिति .......... मा हुने दोश्रो भेलामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

